## नेपाल

सन २०१८ मा नेपालले निकृष्ट बालश्रम उन्मूलन गर्ने कार्यमा मध्यम स्तरीय प्रगति गरेको छ। सरकारले नेपाल श्रम शक्ति सर्वेक्षणको थालनी गरेको छ जसको आधारमा जोखिमयुक्त व्यवसायहरूमा कतिजना बालबालिका कार्यरत छन् भन्ने जस्ता बालश्रमसँग सम्बन्धित महत्वपूर्ण जानकारी प्राप्त गर्न सकिने छ। सरकारले जोखिमयुक्त व्यवसायमा काम गर्नका लागि न्यूनतम उमेर बढाएर १८ पुऱ्याउने र जोखिमयुक्त रोजगारीको सूचिलाई पूर्णता दिने लक्ष्य हासिल गर्न लागि बालश्रम ऐन सन् २००२ को संशोधन मस्यौदा तयार गरेको छ। त्यसको अलावा सरकारले बालश्रमलाई सम्बोधन गर्ने प्रयासहरू बीच समन्वय कायम गर्नका लगि राष्ट्रिय बालश्रम समिति गठन गराएको छ। त्यसको साथै सरकारले बालश्रम अन्त्य गर्नका लागि नयाँ राष्ट्रिय गुरु कार्य योजना पारित गरेको छ जसले सन् २०२२ सम्ममा निकृष्ट बालश्रमको अन्त्य गर्ने र सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने विषयलाई प्राथमिकता दिईनेछ। त्यसको साथसाथै बालश्रमको अन्त्य गर्न र श्रमिकका परिवारको हितलाई लक्षित गर्दै सरकारले सम्मानजनक रोजगारी राष्ट्रिय कार्यक्रम तथा सामाजिक सुरक्षा कोष कार्यक्रमको सुरुआत गरेको छ। यति हुँदा हुँदै पनि नेपालमा बालबालिकाहरू कहिलेकही मानव तस्करीको कारणले व्यावसायिक यौन शोषण लगायतका अन्य निकृष्ट बालश्रममा संलग्न रहेको पाइएको छ। बालबालिकाहरू इँटा उद्योगमा पनि खरतापूर्ण श्रममा संलग्न रहेको पाइने गरिन्छ। श्रम ऐन र त्यस अन्तर्गत पर्ने बालश्रम सम्बन्धी कानून लागू गर्नका लागि श्रम मन्त्रालयको बजेट, बालश्रम निरीक्षक संख्या, र उनीहरूलाई उपलब्ध तालिम र स्रोत साधन सबै क्षेत्रमा अप्रयाप्त रहेको  स्थिति छ। मुलुकको कानूनमा तोकिएको जोखिमयुक्त रोजगारीको सूचीमा १७ वर्षीय बालबालिकाहरूलाई नपारिएको नसमेटिएको हुँदा यस्तो अवस्थामा बालबालिकाहरू निकृष्ट बालश्रमको शिकार बनिरहने सम्भावना अझ कायमै रहने स्थिति छ।

प्राप्त प्रतिवेदन (रिपोर्ट) को अधारमा नेपालमा निकृष्ट बालश्रम उन्मूलन गर्ने दिशामा अगाडी बढ्न तल उल्लिखित कदमहरू सुझाब को रुपमा राखिएका छन्:

| क्षेत्र | प्रस्तावित कार्य | प्रस्तावित वर्ष(हरू) |
|---|---|---|
| कानूनी प्रावधान | मानव तस्करी सम्बन्धि पोलेर्मो प्रोटोकल अनुमोदन गर्ने। | २०१३ – २०१८ |
| | श्रम कानूनलाई आईएलओको दफा सि.१८२ सँग मिल्ने गरि जोखिमयुक्त रोजगारीमा भाग लिन न्यूनतम प्रवेष उमेर १८ वर्ष बनाउने। | २००९ – २०१८ |
| | बालबालिकालाई भाग लिनबाट निषेध गरिएका जोखिमयुक्त रोजगारीको सूची फराकिलो बनाउँदै त्यसमा इँटाभट्टा जस्ता बालश्रम प्रयोग गर्ने विभिन्न निश्चित क्षेत्रहरूको समावेस सुनिश्चित गर्ने। | २०१५ – २०१८ |

| क्षेत्र | प्रस्तावित कार्य | प्रस्तावित वर्ष(हरू) |
|---|---|---|
| | बालबालिकाको ओसारपसारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बृहत् कानूनि र अपराधिक रूपमा त्यसको निषेधीकरण सुनिश्चित गर्ने। | २०१५ – २०१८ |
| | १७ वर्ष मुनिका बालबालिकालाई लागू औषध उत्पादन र ओसारपसारमा संलग्न गराउने कार्यको कानूनी निषेध सुनिश्चित गर्ने। | २०१५-२०१८ |
| | गैर-राज्य पक्षका सशस्त्र समूहहरूबाट १८ वर्ष मुनिका बालबालिकालाई योद्धाको रूपमा भर्ना गर्न गराउनलाई कानूनीरूपमै निषेध गर्न सुनिश्चित गर्ने। | २०१६-२०१८ |
| | अनिवार्य शिक्षाको लागि तोकिएको माथिल्लो उमेर हद सरहनै काम गर्नको लागि न्यूनतम उमेरको हदसोहि सरह सुनिश्चित गर्ने। | २००९-२०१८ |
| कानून कार्यान्वयन | निकृष्ट बालश्रममाथि निगरानी राख्न र त्यसको अनुगमन गर्नका लागि एउटा केन्द्रीकृत तथ्यांक (डाटाबेस) निर्माण गर्नुका साथै उल्लंघन, कारवाही, र दण्डीत हुनेको संख्या खुल्ने गरी श्रम अपराध सम्बन्धी तथ्यांकको संकलन, भण्डार, र प्रकाशन गर्नका लागि पर्याप्त स्रोत साधन उपलब्ध गराउने। | २००९-२०१८ |
| | निकृष्ट बालश्रम प्रयोगमाथि निगरानी राख्न र त्यसको अनुगमन गर्नका लागि एक केन्द्रीय डाटाबेस निर्माण गर्न प्रयाप्त स्रोतसाधन उपलब्ध गराउने। | २००९-२०१८ |
| | आइएलओको प्राविधिक सुझाव पालना गर्नका लागि श्रम निरीक्षकको संख्या वृद्धि गर्ने। | २०१०-२०१८ |
| | बालश्रमविरुद्ध कानूनी प्रावधानहरूको कार्यान्वयन गर्दै उल्लंघनकारीहरूलाई कानूनी कारबाही गर्न सुनिश्चित गर्ने। | २०१८ |
| | अपराधिक कानु अनुसार गरिएका प्रयासहरुको तथ्यांक (डेटा) साथै नयाँ कर्मचारीहरुलाई दिईने प्रारम्भिक वा पुन: दीईने तालीम (रिफ्रेसर) उपलब्ध गराउने। | २०१८ |
| | बालश्रम सम्बन्धि कानूनहरु पूर्ण रुपमा लागू गर्नका लागि श्रम विभागलाई पर्याप्त बजेट सुनिश्चित गर्ने। | २०१६-२०१८ |
| | नयाँ बालश्रम कानूनबारे प्रशिक्षण, व्यवसायहरूमा गरिएका निरीक्षणहरूको संख्या, बालश्रम कानून उल्लंघनमा जरिवाना तिर्नेको संख्या, र जरिवाना गरिएका मध्यबाट रकम भुक्तानी गर्नेको संख्या लगायतका श्रम कानून कार्यान्वयन सम्बन्धि भएका पहलहरूबारे जानकारी उपलब्ध गराउने। | २०१८ |
| | बालश्रमको प्रयोग पर्याप्त रूपमा निरुत्साहित गर्नका लागि जरिवानामा वृद्धि गर्ने। | २०१५-२०१८ |
| | अपराध नियन्त्रण कानून लागू गर्ने निकायलाई थप स्रोत साधन उपलब्ध गराउने ताकि उनीहरूले निकृष्ट बालश्रमसँग सम्बन्धी अपराध विरुद्ध कानूनको कार्यान्वयन गर्न सकुन्। | २०११-२०१८ |
| | उजुरी आएपछि मात्र निरीक्षण गर्नुको साटो निरीक्षण कार्यलाई नियमित बनाइ श्रम निरीक्षण प्रणालीलाई सुदृढ गर्ने। | २०१७-२०१८ |
| | विशेषगरी अनौपचारिक क्षेत्रमा बाल श्रम निरीक्षकको संख्या वृद्धि गर्ने जस्ता कदमहरूद्वारा मानव श्रोतको क्षमतामा सुधार गर्ने। | २०१८ |

| क्षेत्र | प्रस्तावित कार्य | प्रस्तावित वर्ष(हरू) |
|---|---|---|
| सरकारी नीति | बालबालिकाको व्यवसायीक यौन शोषण, बालबालिकालाई जबरजस्ति श्रममा लगाउने र उनीहरूलाई अन्य अपराधिक गतिविधिमा संलग्न गराउने जस्ता सन्दर्भमा आएका सबै प्रकारका निकृष्ट बालश्रमलाई सम्बोधन गर्ने खालका नीतिहरू अंगिकार गर्ने। | २०१६-२०१८ |
| | बलबालिकालाई बलपूर्वक श्रममा लगाइने अवस्थालाई सम्बोधन गर्नका लागि त्यसलाई मानव तस्करी विरोधि आयोजनाका दायराभित्र ल्याउँदै विशेषगरी महिला र बालबालिकाको मानव तस्करी प्रतिरोधक राष्ट्रिय कार्ययोजनालाई अध्यावधि गर्ने। | २०१८ |
| सामाजिक कार्यक्रम | खास गरेर छात्रा र अपाङ्गता भएका बालबालिकाको हकमा विद्यालयमा सफा शौचालयको सुविधाको अभाब, विद्यालय लामो दूरीमा रहनु, शिक्षा पाउन शुल्क तिर्नुपर्ने, रोजगारीमा लाग्न र वैदेशिक रोजगारीमा जानका लागि दबाब भोग्न पर्ने, र रक्सी र लागू पदार्थ सेवन जस्ता शिक्षा हासिल गर्नमा बाधक हुने तत्वहरू हटाउने। | २०१३-२०१८ |
| | खासगरी जोखिमपूर्ण रोजगारीको परिप्रेक्षमा सबभन्दा निकृष्ट प्रकारका बालश्रम सम्बन्धी तथ्यांक संकलन र प्रकाशन गर्ने। | २०१८ |
| | ईँटा भट्टामा कार्यरत बालबालिका सहित व्यवसायीक यौन शोषणबाट पीडित बालबालिकाको हितमा सामाजिक कार्यक्रमहरू तयगर्ने। | २०१८ |